**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री कुमार चुडाल**
**माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी**
**आदेश**
**०७६-WO-१०७३**

**मुद्दाः- उत्प्रेषण।**

जिल्ला झापा साविक अनारमनी ३ हाल विर्तामोड नगरपालिका वडा नं. ५ अवस्थित वि.एण्ड.सी मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.ली. (नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय प्रा.लि. नं. ८४८१८।०६८।०६९ दर्ता रहेको) का तर्फबाट अख्तियार प्राप्त गरी आफ्नो हकमा समेत ऐ. का सञ्चालक एवं कार्यकारी निर्देशक वर्ष ५० को दुर्गा प्रसाद प्रसाई.........................१ — निवेदक

**विरुद्ध**

चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर............................................१

सम्माननीय प्रधानमन्त्री तथा अध्यक्ष चिकित्सा शिक्षा आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं........................................१

अध्यक्ष, कार्यकारी समिति, चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर..........१ — विपक्षी

सम्माननीय प्रधानमन्त्री एवं कुलपति काठमाडौं विश्वविद्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार काठमाडौं.........................................१

नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार काठमाडौं...................................................................१

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका माननीय मन्त्री एवं सहकुलपति काठमाडौं विश्वविद्यालय तथा सह-अध्यक्ष चिकित्सा शिक्षा आयोग, शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं........................................................१

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं........................१

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं..........................१

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका माननीय मन्त्री तथा सह-अध्यक्ष चिकित्सा शिक्षा आयोग स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं........१

उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर.............................१

उपकुलपति, काठमाडौं विश्वविद्यालय, उपकुलपतिको कार्यालय, धुलिखेल काभ्रे.................................................................................................१

रजिष्ट्रार काठमाडौं विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय, धुलिखेल काभ्रे.........१

प्राज्ञिक परिषद्, काठमाडौं विश्वविद्यालय, धुलिखेल काभ्रे............................१

विश्वविद्यालय सभा, काठमाडौं विश्वविद्यालय, धुलिखेल काभ्रे.....................१

विद्यापरिषद्, स्कूल अफ मेडिकल साइन्सेस, काठमाडौं विश्वविद्यालय, धुलिखेल काभ्रे.................................................................................................१

काठमाडौं विश्वविद्यालय, स्कूल अफ मेडिकल साइन्सेस, धुलिखेल, काभ्रे......१

डीन, काठमाडौं विश्वविद्यालय, स्कूल अफ मेडिकल साइन्सेस, डीनको कार्यालय, धुलिखेल, काभ्रे.................................................................१

कार्यकारी परिषद्, काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रे.......................१

काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रे...............................................१

अध्यक्ष, नेपाल मेडिकल काउन्सिल, बासवारी, काठमाडौं...........................१

नेपाल मेडिकल काउन्सिल, बासवारी, काठमाडौं......................................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३(२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं यस अदालतको आदेश यसप्रकार छः-

## रिट निवेदनको संक्षिप्त तथ्य

१. निवेदक संस्थालाई मनसाय पत्र प्रदान गर्नु अघि मिति २०६८।०९।१४ मा माननीय

शिक्षा मन्त्रीको अध्यक्षतामा मिति २०६८।०९।१४ मा बसेको उच्च प्राविधिक शिक्षा प्रर्वधन तथा अनुगमन समितिको बैठकमा विपक्षी मध्येको काठमाडौं विश्वविद्यालय र त्रिभूवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन दुवै विश्वविद्यालयका डिनहरुसमेतको सहमतीसमेत प्राप्त गरी मेची अञ्चलमा एम.वि.वि.एस. कार्यक्रम सञ्चालनका लागि प्राथमिकता दिई मनसायपत्रको आवेदन खुला गरेको हुनाले , झापा जिल्ला साविक अनारमनी ३ हाल विर्तामोड नगरपालिका वडा नं. ५ अवस्थित वि.एण्ड.सी. मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.ली. नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा (प्रा.लि.नं. ८४८१८।०६८।०६९, स्थायी लेखा नं.३०५०२७८६३) समितिको मिति २०६८।०९।१४ को बैठकको निर्णय नं. ५ को आधारमा नेपाल सरकार शिक्षा मन्त्रालयबाट मिति २०६८।१०।२३ को निर्णय बमोजिम मिति २०६८।१०।२४ मा एम.वि.वि.एस. कार्यक्रम सञ्चालनका लागि च.नं. म-१६।२०६८।०६९ बमोजिम मनसाय पत्र (Letter of Intent) प्राप्त गरी उक्त मनसाय पत्रमा पटक पटक म्याद थप हुँदै मिति २०७३।०७।११ बाट पूनः एक वर्षका लागि म्याद थप भई प्रधानमन्त्री एवं काठमाडौं विश्वविद्यालयका कुलपतिबाट मिति २०७३।११।१५ मा काठमाडौं विश्वविद्यालय ऐन, २०४८ को दफा १३ को अधिकार प्रयोग गरी विपक्षी विश्वविद्यालयका सहकुलपति एवं माननीय शिक्षा मन्त्रीलाई आवश्यक कार्यार्थ च.नं. १।०७३।०७४।७५५६ मिति २०७३।११।१५ र उपकुलपतिलाई च.नं. १।०७३-०७४।५५५५ मिति २०७३।११।१५ बमोजिम सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्बन्धन दिने सम्बन्धमा प्राथमिकताका साथ कार्यान्वयन गर्न निर्देशन सिफारिस सहित पत्राचार भएको र सोही निर्देशनका आधारमा काठमाडौं विश्वविद्यालयका सहकुलपति एवं माननीय शिक्षा मन्त्रीबाट आदेश भए बमोजिम सम्बन्धनको प्रक्रिया अगाडी बढाउन नेपाल मेडिकल काउन्सिलको च.नं. ३१०।०७३।०७४ (प्र) मिति २०७३।०८।१७ को एम.वि.वि.एस. कार्यक्रम सञ्चालन गर्न सकारात्मक राय सहितको काठमाडौं विश्वविद्यालयमा सम्बन्धनको लागि सिफारिस भएकोमा त्यस वखत प्रचलित कानूनी व्यवस्था बमोजिम शिक्षा मन्त्रालयबाट सम्बन्धनका लागि नेपाल मेडिकल काउन्सिलको सकारात्मक राय सहित सिफारिस भएपछि सो उप्रान्त मनसाय पत्रको म्याद थपिरहन पर्ने औचित्य नदेखिने भनी च.नं. २५९ मिति २०७३।०८।१७ मा शिक्षा मन्त्रालयबाट मनमोहन मेडिकल कलेज तथा शिक्षण

अस्पताललाई लेखी पठाएको हुँदा निवेदक कलेजका हकमा समेत शिक्षा मन्त्रालयबाट सम्बन्धन सिफारिस भएको मिति २०७३।११।१५ उप्रान्त मनसाय पत्र नवीकरण नगरी मिति २०६८।१०।२३ को निर्णय बमोजिम मिति २०६८।१०।२४ मा नेपाल सरकार शिक्षा मन्त्रालयले विभिन्न शर्त र मापदण्डहरु तोकी मनसाय पत्र (Letter of Intent ) प्रदान गरेकोमा उल्लेखित बमोजिमका सम्पूर्ण शर्त र मापदण्डहरु पुरा गरी शिक्षण अस्पताल विगत ५ वर्ष देखि सञ्चालनमा रहेको छ।

२. अस्पताललाई नेपाल सरकार स्वास्थ्य मन्त्रालयद्धारा जारी गरिएको स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम मिति २०७३।०४।०६ को नेपाल सरकार स्वास्थ्य मन्त्रालयको माननीय मन्त्रिस्तरीय निर्णय बमोजिम ३०० शैयाको अस्पताल सञ्चालनको स्वीकृति प्राप्त गरि उक्त निर्देशिका बमोजिमका सबै मापदण्ड पुरा गरी अस्पताल सञ्चालनको स्वीकृति प्राप्त गरेको तथ्य यसै निवेदनसाथ संलग्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.व. २०७३।०७४ च.नं. २।४१७ मिति २०७३।०४।०९ को पत्रबाट भएको छ।

३. निवेदक संस्थाले नेपाल सरकारको स्विकृत मापदण्ड बमोजिम मेडिकल कलेज तथा शिक्षण अस्पतालका लागि आवश्यक सम्पुर्ण प्रक्रियाहरु पुरा गरी नेपाल सरकार साविकको विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको च.नं. १२६४ मिति २०७३।०८।१७ को पत्र, नेपाल सरकार सहरी विकास मन्त्रालय सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय इलामको पत्र संख्या ०७२।०७३ च.नं. ५८८ मिति २०७२।१०।०८ को डिजाइन सहमती पत्र र मिति २०७३।०७।२४ को पत्र संख्या २०७३।०७४ च.नं. ७५३ को धाइजन गा.वि.स. को भवन निर्माण सम्पन्न प्रमाणपत्र, सहरी विकास तथा भवन विभागको च.नं. १०५ मिति २०७३।०९।१४ को पत्र र अनारमनी नगरोन्मुख गा.वि.स. को कार्यालयको भवन निर्माण सम्पन्न प्रमाणपत्रबाट पुष्टि एवं प्रमाणित भएको छ। यसरी आवश्यक सम्पुर्ण मापदण्ड लगायत भौतिक पुर्वाधार र आवश्यक मानवीय श्रोत साधनको उचित प्रबन्ध गरि आधारभूत नीति, २०६३ बमोजिम स्वयम् मूल्याङ्कन गरेको प्रतिवेदन (Self Appraisal Report) समेत शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय समक्ष एम.वि.वि.एस. कार्यक्रम सञ्चालनको सम्बन्धनका लागि आवश्यक कारबाही गरी पाउन मिति २०७३।०७।२३ मा पेश गरेकोमा नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ७क. (२), नेपाल मेडिकल काउन्सिल

नियमावली, २०२४ तथा आधारभूत नीति, २०६३ को अनुसुचि १(१.१७) को कानूनी व्यवस्था बमोजिम माननीय शिक्षा मन्त्रीको मन्त्रिस्तरीय निर्णयबाट परामर्शका लागि नेपाल मेडिकल काउन्सिलमा लेखी पठाउन तथा सकारात्मक राय प्राप्त भएका अवस्थामा विश्वविद्यालयमा सम्बन्धन सम्बन्धी प्रक्रियाका लागि लेखि पठाउने भन्ने मिति २०७३।०८।०९ मा निर्णय भएको छ।

४. माथि उल्लेखित मिति २०७३।०८।०९ मा भएको शिक्षा मन्त्रालयको माननीय मन्त्रिस्तरीय निर्णय बमोजिम नेपाल मेडिकल काउन्सिलमा परामर्शका लागि च.नं. २३३ मार्फत पत्राचार भएकोमा नेपाल मेडिकल काउन्सिलले च.नं. ३१०।०७३।०७४ मिति २०७३।०८।१७ मा काउन्सिलका तर्फबाट शिक्षा मन्त्रालय समक्ष राय परामर्श पेश गर्दा "नेपाल मेडिकल काउन्सिलबाट प्रस्तावित वि.एण्ड.सी. मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.ली. झापाका सम्बन्धमा नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ७क.(२) अनुसार मापदण्ड तथा पुर्वाधार पुरा भएको सम्बन्धमा २०७३ मंसिर १४-१५ मा स्थलगत प्रारम्भिक निरीक्षण गरिएको र प्रारम्भिक निरीक्षणको प्रतिवेदन तथा त्यहाँबाट पत्रसाथ पठाइएको प्रस्तावित कलेजको Self Appraisal Report र आवश्यक संलग्न कागजातहरुलाई समेत आधार मानी प्रस्तावित उक्त कलेजमा एम.वि.वि.एस. कार्यक्रम संचालनार्थ प्रारम्भिक अवस्थामा सकारात्मक देखिएको व्यहोरा राय परामर्शको रुपमा जानकारी गराउँदछु" भनी नेपाल मेडिकल काउन्सिलबाट च.नं. ३१०।०७३।०७४ (प्र.) मिति २०७३।०८।१७ को पत्र बमोजिम शिक्षा मन्त्रालयलाई समेत सकारात्मक रायसमेत प्रदान भएको छ।

५. सम्पूर्ण मापदण्ड पुरा भई नेपाल मेडिकल काउन्सिलबाट प्राप्त राय परामर्शका आधारमा सम्बन्धनका लागि सम्बन्धित विश्वविद्यालयमा सिफारिस गरी सकेपछि त्यस उप्रान्त मनसायपत्रको म्याद थपिरहन पर्ने औचित्य नदेखिने भनी विपक्षी मध्येको शिक्षा मन्त्रालयले मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताललाई लेखेको च.नं. २५९ मिति २०७३।०८।१७ को पत्र निवेदक संस्थाको हकमा समेत शिक्षा मन्त्रालयबाट सम्बन्धनका लागि विश्वविद्यालयमा पत्र पठाई सकिएको अवस्था विद्यमान हुँदा मनसायपत्रको म्याद थप गर्नु नपर्ने समान अवस्था लागु भई मनसायपत्रको म्याद थप गर्नु पर्ने आवश्यकता नदेखिएकोले २०७३ कार्तिक ११ पछि आशयपत्रको म्याद थप नगरीएकोमा मिति २०७३।०८।०९ मा शिक्षा मन्त्रालयको सकारात्मक राय परामर्श

समेत प्राप्त भइसकेको र नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ७क. (२) बमोजिम माननीय शिक्षा मन्त्रिस्तरीय निर्णयबाट शिक्षा मन्त्रालयले समेत दिई सकेकोले काठमाडौं विश्वविद्यालय धुलीखेल, काभ्रेपलान्चोकमा सम्बन्धनका लागि पत्राचार गर्न विलम्ब गरेका कारण निवेदक संस्थाले सम्माननिय प्रधानमन्त्री तथा काठमाडौं विश्वविद्यालयका कुलपति समक्ष सम्बन्धनका लागि आवश्यक निर्देशन माग गरी निवेदन गरेकोमा मिति २०७३।११।१५ मा च.नं. १।०७३।७४।५५५५ बमोजिम काठमाडौं विश्वविद्यालयका उपकुलपति र मिति २०७३।११।१५ मा च.नं. १।०७३।७४।५५५६ मार्फत शिक्षा मन्त्रालयलाई निवेदक संस्थाको सम्बन्धन प्रक्रिया अघि बढाउन निर्देशन भए बमोजिम नेपाल सरकार शिक्षा मन्त्रालयबाट मिति २०७३।११।१५ च.नं. ४१९ मार्फत सम्बन्धन दिने सम्बन्धमा भनी विपक्षी काठमाडौं विश्वविद्यालय धुलीखेललाई सिफारिस सहित पत्राचार भएको र काठमाडौं विश्वविद्यालय धुलीखेलले उक्त पत्र लगायत निवेदक संस्थाका मनसायपत्र देखि हाल सम्मका सम्पूर्ण मिसिल कागजात मिति २०७३।११।१७ मा बुझेकोमा कानून बमोजिम सार्वजनिक जवाफदेहिता वहन गर्नुपर्नेमा विपक्षी काठमाडौं विश्वविद्यालयले सोही विश्वविद्यालयका कुलपति एवं सम्माननीय प्रधानमन्त्री, सहकुलपति एवं माननीय शिक्षा मन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र शिक्षा मन्त्रालयको निर्देशन सिफारिस कार्यान्वयन नगरी निवेदक संस्थालाई सम्बन्धन नदिई आजका मितिसम्म कुनै निर्णय नगरी राखेको अवस्थामा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मिति २०७५।११।१० मा प्रारम्भ भई लागू भएकोले सो मिति पश्चात आवेदन गर्ने मेडिकल कलेजहरुको हकमा मात्र उक्त ऐनको दफा ११ बमोजिम आशयपत्र लिनुपर्ने व्यवस्था गरेकोमा निवेदक कलेजले पहिला नै पुरा गरेकोले नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ७क.(२) र आधारभूत नीति २०६३ बमोजिम मिति २०७३।०८।०९ को माननीय शिक्षा मन्त्रिस्तरीय निर्णय बमोजिम निवेदक कलेज स्थपाना र सञ्चालन गर्न स्वीकृति दिई च.नं. ४१९ मिति २०७३।११।१५ को पत्र बमोजिम सम्बन्धन स्वीकृतिका लागि पठाएकोले निवेदकको हकमा उक्त दफा ११ को व्यवस्था आकर्षित हुन नसक्ने हुनाले निवेदक कलेज जस्ता मनसाय पत्र प्राप्त गरी सम्पूर्ण पूर्वाधार र मापदण्ड पुरा गरेका कलेजलाई सम्बन्धन प्रदान गर्ने गरी बाध्यात्मक संरक्षणात्मक व्यवस्था राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १३(६) मा व्यवस्था गरिएको हुनाले सो बमोजिम विपक्षी नियमनकारी निकायमा

जानकारी गराई सम्बन्धनको लागि विपक्षी आयोग समक्ष मिति २०७६।०८।१५ मा र ,मिति २०७६।११।२६ दोस्रो पटक  निवेदन दिएपछि २०७६।०२।०३ मा आयोगको धारणा सम्बन्धमा भनी उक्त ऐनको दफा ११(२) बमोजिम खण्ड (क) देखि (ङ) सम्मका कागजात संम्लग्न रहनु पर्ने उल्लेख भएकोमा, यो ऐन प्रारम्भ हुँदाका वखत आशयपत्र प्राप्त गरेको हकमा पेश भएको कागजातमा पछिल्लो पटक २०७३ कार्तिक ११ मा एक वर्षका लागि म्याद थप भएकोमा ऐन प्रारम्भ भएपछि आशयपत्रका लागि आवेदन गर्ने संस्थाका लागि मात्र लागू हुने सम्बन्धनका लागि सिफारिस भइसकेपछि सो सिफारिस भएको मिति उप्रान्त मनसाय पत्र नवीकरण गर्नु नपर्ने विपक्षी शिक्षा मन्त्रालयको पत्र विपरीत भएको उक्त निर्णय विवन्धनको सिद्धान्त समेत विपरीत भई विभेदपूर्ण भएकोले विपक्षी आयोगको उक्त निर्णय एवं काम कारबाही उपर राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १३(६) को विशेष व्यवस्था बमोजिम निवेदक कलेजको हकमा यसै शैक्षिक शत्रदेखि एम.वि.वि.एस. कार्यक्रम सञ्चालन आरम्भ गर्ने गरी सम्बन्धन दिन लगाई म निवेदकको  नेपालको संविधानको धारा १७(२)(च) ले प्रत्याभूत गरेको पेशा, व्यवसाय, उद्योग एवं रोजगार गर्न पाउने हक, धारा १८(१) ले प्रत्याभूत गरेको कानूनको समान संरक्षण प्राप्त गर्ने हक मिति २०७६।१२।०३ को विपक्षी आयोगको सूचना र पत्रसंख्या ०७६।०७७ चलानी न. ४१९ को निवेदक कलेजलाई लेखेको पत्र र सो संग सम्बन्धित काम कारबाही तथा निर्णयहरु एवं पत्राचारहरु समेत उत्प्रेषणको आदेशले बदर गरी शिक्षा ऐन, २०७५ को दफा १३ को उपदफा (६) ले प्रत्याभूत गरेको संरक्षणात्मक हकको प्रचलनको सुनिश्चितता हुने गरी यसै शैक्षिकसत्र देखि एम.वि.वि.एस.को विद्यार्थी भर्ना र पठन पाठन सुरु गर्ने गरी सम्बन्धनका लागि काठमाडौं विश्वविद्यालयलाई सिफारिस गर्नु गराउनु, र विद्यार्थीको पठन पाठन गर्नु गराउनु भनी विपक्षी चिकित्सा शिक्षा आयोगसमेतका नाममा परमादेश लगायतको उपयुक्त आदेश जारी गरी पाउँ भनी वि.एण्ड.सी मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.ली. का तर्फबाट अख्तियारप्राप्त गरी आफ्नो हकमा समेत ऐ.का सञ्चालक एवं कार्यकारी निर्देशक श्री दुर्गा प्रसाद प्रसाईको तर्फबाट यस अदालतमा पर्न आएको रिट निवेदन ।

६. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिन भित्र विपक्षी नं. १, २, ३, ४,

५, ६, ७, ८, ९ र १० का हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा अन्य विपक्षीहरुका हकमा आफै वा आफ्नो प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुको नाममा सूचना/म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू।

साथै निवेदकले अन्तरिम आदेशको माग गरेको सम्बन्धमा विचार गर्दा, रिट निवेदनमा उठाइएको प्रश्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १३(६) को व्याख्यासँग सम्बन्धित भएको र त्यस्तो प्रश्न प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाई हुँदाका बखत निरुपण हुने विषय भएकोले हाल निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गरी रहनु परेन। प्रस्तुत निवेदनको बिषय सार्वजनिक महत्वको भई चाँडो निर्णय हुनुपर्ने प्रकृतिको देखिएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ। नियमानुसार गर्नू भन्ने समेत व्यहोराको मिति २०७७।०३।२३ मा यस अदालतबाट भएको आदेश।

७. निवेदक संस्थाले पेश गरेको कागजातमा पछिल्लो पटक २०७३ कार्तिक ११ मा एक वर्षको लागि मनसाय पत्रको म्याद थप गरेपछी तत्पश्चात म्याद थप नगरी बसेको देखियो। निवेदक संस्थालाई तत्कालीन शिक्षा मन्त्रालयबाट मिति २०६८।१०।२४ मा दिइएको Letter of Intent को शर्त नं. ३ मा निवेदक संस्थाले मनसाय पत्र पाएको तेस्रो वर्षमा विश्वविद्यालयबाट महाविद्यालय सञ्चालन गर्न सम्बन्धन लिई सक्नुपर्ने शर्त उल्लेख गरिएको तथा मनसाय पत्रको अवधि समाप्त हुन एक महिना अगावै सो संस्थाले सम्पादन गरेका कार्यहरुको प्रगति विवरण सहित तोकिए अनुसारको राजश्व दाखिला गरी म्याद थपका लागि मन्त्रालयमा निवेदन गर्नुपर्ने भनी उल्लेख गरिएको छ भने मनसाय पत्रको म्याद थपका लागि परेका निवेदनका सम्बन्धमा उच्च प्राविधिक शिक्षा प्रवर्द्धन तथा अनुगमन समितिले निरीक्षण टोली गठन गरी टोलीले दिएको प्रतिवेदनका आधारमा म्याद थप गर्न मन्त्रालयलाई सिफारिस गर्ने व्यवस्था उल्लेख गरिएको छ।यसरी निवेदक संस्थाको मनसाय पत्र नवीकरण नै नभएको हकमा उक्त संस्थाको वैद्य सञ्चालनको लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा प्रस्तुत विषयमा आयोगले तोके बमोजिमका अन्य विवरण तथा कागजात समावेश हुनुपर्ने उल्लेख भएकोमा सोही ऐनको दफा ५४ बमोजिम नेपाल सरकारले ऐन कार्यन्वयनका लागि आवश्यक नियम बनाउन सक्ने प्रावधान रहेको र सोही अनुरुप चिकित्सा शिक्षा नियमावली, २०७६ निर्माणको प्रक्रियामा रहेको हुँदा

निवेदक संस्थाको निवेदनमा थप कारबाही गर्न नियमावली स्विकृति हुनुपर्ने भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ, खारेज गरी पाउँ भन्ने समेत व्यहोराको चिकित्सक शिक्षा आयोगका सदस्य सचिव श्री डिल्लीराम लुइटेल र चिकित्सक शिक्षा आयोगका उपाध्यक्ष एवं कार्यकारी समितिका अध्यक्ष प्रा.डा. श्रीकृष्ण गिरीको तर्फबाट पेश हुन आएको एकै मिलानको लिखित जवाफ।

८. चिकित्सा शिक्षा ऐन, २०७५ लागू भएपछि नयाँ मेडिकल कलेज स्थापना, विषय तथा कार्यक्रम थप लगायतका अन्य विषयमा मेडिकल काउन्सिलको कुनै भूमिका नरहने स्थितिमा बिना आधार कारण काउन्सिललाई विपक्षी बनाएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. श्री भगवान कोइराला तथा ऐ.का रजिष्ट्रार डा. श्री कृष्णप्रसाद अधिकारीको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

९. चिकित्सा शिक्षा ऐन, २०७५ जारी भई सकेपछि त्यसपुर्बको काम कारबाहीलाई सो ऐनले बचाउ गरेको हदसम्म मात्र साबिकको कामले मान्यता पाउने हो ।निजले साबिकको नितिगत ब्याबस्था बमोजिम कुनै पनि ईजाजत वा सम्बन्धन पाईनसकेकोले चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५५ बमोजिमको प्रदान गरेको अधिकार प्राप्त गर्न नसक्ने हुनाले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७७।०४।१९ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिव श्री लोकदर्शन रेग्मीको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

१०. रिट निवेदकले आफ्नो रिट निवेदनमा मेरो के कस्तो काम, कारबाहीबाट रिट निवेदकको नेपालको संविधान र के कुन प्रचलित कानूनद्वारा प्रदत्त के कस्तो हक अधिकारहरु के कसरी हनन् हुन गई मलाई विपक्षी बनाउनु परेको हो? खुलाउन सकेको अवस्था छैन। यसरी विना आधार र कारण मलाई समेत विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्ने समेत ब्याहोराको नेपाल सरकार शिक्षा, बिज्ञान तथा प्रबिधी मन्त्री एवं सह-कूलपती , काठमान्डौ विश्वविद्यालय तथा सह-अध्यक्ष चिकित्सा शिक्षा आयोगका तर्फबाट गीरीराजमणी पोखरेलको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

११. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा सो ऐन बमोजिमको कार्यसम्पादन गर्न आयोग, कार्यकारी समिति, पूरा समय काम गर्ने उपाध्यक्ष र विभिन्न निर्देशनालय र बोर्ड सहितका

संरचनाहरु रहेका छन्। उक्त ऐनमा प्रधानमन्त्रीले आयोगको बैठकको अध्यक्षता गर्ने बाहेक अध्यक्षको कुनै कार्यकारी भूमिका नरहेकोले चिकित्सा शिक्षा आयोगको अध्यक्षलाई यस विषयमा विपक्षी बनाउनु पर्ने नहुंदा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको कुलपति, काठमाडौं विश्वविद्यालय, अध्यक्ष, शिक्षा आयोग तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

१२. यस मन्त्रालयको के कस्तो काम, कारबाहीबाट रिट निवेदकको नेपालको संविधान र के कुन प्रचलित कानूनद्वारा प्रदत्त के कस्तो हक अधिकारहरु के कसरी हनन् हुन गई यस मन्त्रालयलाई विपक्षी बनाउनु परेको हो, रिट निवेदकले रिट निवेदनमा कहिँ कतै खुलाउन सकेको अवस्था नभएकोले यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको मिति नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा. श्री सञ्जय शर्माको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

१३. मिति २०७६।११।०१ मा निवेदक संस्थाले MBBS कार्यक्रम सञ्चालनका लागि सम्बन्धन प्रदान गरी दिनु भनी सिफारिस गरिदिने विषयमा यस आयोग समक्ष निवेदन पेश गरेको, सो सम्बन्धमा ऐनको मर्म अनुरुप निवेदकले पेश गरेको कागजातहरुको अध्ययन गर्दा ऐ. ऐनको दफा ११ को उपदफा (१) बमोजिम हरेक शिक्षण संस्थाले यस आयोगबाट त्यस्तो संस्था स्थापनाको लागि आशयपत्र लिनु पर्ने र उपदफा (२) को खण्ड (ग) मा आशयपत्र प्राप्तिका लागि त्यस्तो संस्थाले सम्बन्धन लिन चाहेको विश्वविद्यालयको सहमतिपत्र पेश गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेकोमा निवेदक संस्थाले पेश गरेको कागजातमा सम्बन्धन लिन चाहेको विश्वविद्यालयको सहमतिपत्र संलग्न भएको देखिएन। यसरी ऐनको प्रावधान अनुरुप पुरा गर्नुपर्ने कागजात तथा आवश्यक विवरण पेश गर्नु भनी निवेदकलाई जानकारी गराइएकोमा सो पेश नै नगरी आयोगबाट गैरकानूनी निर्णय भएको भन्ने भ्रमपूर्ण तथ्य उल्लेख गर्दै उल्लिखित कानूनी प्रावधान अनुरुप आफ्नो दायित्व नै पुरा नगरी रिट क्षेत्रमा प्रवेश गरेको देखिंदा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ खारेज गरी पाउँभन्नेसमेत ब्याहोराको चिकित्सक शिक्षा आयोगका सदस्य सचिव डिल्लीराम लुईंटेलको लिखित जवाफ।

१४. चिकित्सा शिक्षा ऐन, २०७५ चिकित्सा शिक्षा ऐनको दफा ५३ मा विश्वविद्यालय, प्रतिष्ठान

तथा सम्बन्धित विषयगत काउन्सिलसँग प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम हुनेछ भन्ने ऐनको व्यवस्थाले सो ऐन राजपत्रमा प्रकाशित भइसकेपछि सम्बन्धन वा मेडिकल कलेज स्थापना गर्ने सम्बन्धमा काउन्सिलको कुनै भूमिका नरहने हुनाले नेपाल मेडिकल काउन्सीललाई बिपक्षी बनाईको रिट खारेज गरी पाँउ भन्नेसमेतको ब्याहोराको नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. श्री भगवान कोइराला तथा ऐ.का रजिष्ट्रार डा. श्री कृष्णप्रसाद अधिकारीको तर्फबाट पेश हुन आएको संयुक्त लिखित जवाफ।

१५. रिट निवेदनमा उल्लेख भएका विषय काठमाडौं विश्वविद्यालय ऐन, २०४८ र राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम सञ्चालन प्रशासन हुने विषय हुन्। ती ऐन बमोजिमको विषय कार्यान्वयनमा नेपाल सरकार, मन्त्रिपरिषद्को कुनै प्रत्यक्ष संलग्नता नभएकोले सरोकार नै नभएको निकायलाई विपक्षी बनाई दायर भएको रिट निवेदन कानूनसंगत नहुँदा रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँभन्नेसमेत व्यहोराको नेपाल सरकार मन्त्री परिषद, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिव श्री लोकदर्शन रेग्मीको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

१६. काठमाडौं विश्वविद्यालय ऐन, २०४८ तथा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम सम्बन्धनका लागि सिफारिस गर्ने वा नगर्ने विषयको निर्णय गर्ने अधिकार चिकित्सा शिक्षा आयोगमा निहित रहेको छ। जहाँसम्म मन्त्रालयबाट मनसायपत्र दिएको सन्दर्भ छ, सो सम्बन्धमा निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (कलेज क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति, २०६३ बमोजिम उच्च प्राविधिक शिक्षा प्रवर्द्धन तथा अनुगमन समितिको सिफारिसमा मन्त्रालयको मिति २०६८।१०।२३ को निर्णयानुसार निर्णय मितिदेखि लागू हुने गरी शर्तहरु तोकी मन्त्रालयबाट मिति २०६८।१०।२४ मा रिट निवेदकलाई एम.वि.वि.एस कार्यक्रम सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार गर्ने प्रयोजनार्थ मनसाय पत्र प्रदान गरिएकोमा उक्त मनसाय पत्र पछिल्लो पटक मिति २०७३।०७।११ मा एक वर्षको लागि नवीकरण भई निवेदक संस्थालाई सम्बन्धन दिने प्रक्रिया अगाडि बढाउन मन्त्रालयबाट च.नं. ४१९, मिति २०७३।११।१५ को पत्र काठमाडौं विश्वविद्यालयमा पठाइ सकेको अवस्थामा मन्त्रालयबाट सम्पन्न भएका उल्लिखित काम कारबाहीबाट रिट निवेदकको कुनै संवैधानिक तथा कानूनी हक अधिकार हनन् नभएको हुंदा रिट निवेदनमा उठाएको विषयमा मन्त्रालय र मलाई प्रत्यर्थी कायम

गर्नुको कुनै औचित्यपूर्ण आधार नभएकोले विपक्षीको रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्ने समेत व्यहोराको नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवं सहकुलपति तथा काठमाडौं विश्वविद्यालय चिकित्सा शिक्षा आयोगका सह-अध्यक्ष श्री गिरिराजमणी पोखरेलको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

१७. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा सो ऐन बमोजिमको कार्यसम्पादन गर्न आयोग, कार्यकारी समिति, पूरा समय काम गर्ने उपाध्यक्ष र विभिन्न निर्देशनालय र बोर्ड सहितका संरचनाहरु रहेका छन्। उक्त ऐनमा प्रधानमन्त्री आयोगको अध्यक्षको हैसियतमा आयोगको बैठकको अध्यक्षता गर्ने बाहेक अध्यक्षको कुनै कार्यकारी भूमिका नभएकले चिकित्सा शिक्षा आयोगको अध्यक्षलाई विपक्षी बनाउनु पर्ने नहुंदा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको कुलपति, काठमाडौं विश्वविद्यालय, अध्यक्ष, शिक्षा आयोग तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

१८. कुनै शिक्षण संस्थालाई चिकित्सा शिक्षा सञ्चालन गर्ने प्रयोजनार्थ सम्बन्धनका लागि सिफारिस गर्ने वा नगर्ने विषयको निर्णय गर्ने अधिकार राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम चिकित्सा शिक्षा आयोग तथा काठमाडौं विश्वविद्यालय ऐन, २०४८ निहित रहेकोले कुनै शिक्षण संस्थालाई चिकित्सा शिक्षा सञ्चालन गर्ने प्रयोजनार्थ सम्बन्धन दिने वा नदिने विषयको निर्णय गर्ने अधिकार यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने नभएकोले प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा. श्री सञ्जय शर्माको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

१९. चिकित्सा शिक्षा क्षेत्र सुधारका लागि विगत ८ वर्ष देखि नागरिक सरोकारवाला र अभियन्ता डा. गोविन्द के.सी. बाट भएका विभिन्न प्रयास र त्यसको उपलब्धी स्वरुप भएका सहमती आम नागरिकको चासो र सरोकारको विषयको रुपमा रहेकाले नेपाल सरकारको प्रतिनिधि वार्ता टोली र चिकित्सा क्षेत्र सुधारका अभियन्ता पक्षहरु बीच मिति २०७३।०८।१९ गते भएको सहमतीको बुँदामा मा "राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७३ पारित नहुन्जेल नयाँ मनसायपत्र जारी गर्ने, पुराना आशयपत्रको नवीकरण गर्ने, नयाँ मेडिकल कलेजलाई सम्बन्धन दिने र विस्तारित कार्यक्रमको अनुमती दिने कार्य नगर्ने" भनी उल्लेखित बुँदा सहितको सहमती नेपाल सरकार मन्त्रिपरिषद्को बैठक संख्या

४३।०७३ मिति २०७३।०८।२६ को निर्णयानुसार मिति २०७३।०८।१९ गतेको सहमतीको स्वामित्व ग्रहण गर्ने निर्णय भएको तथा  मेडिकल कलेज सम्बन्धनका सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार “काठमाडौं उपत्यका बाहिर नियमानुसार सम्बन्धन सम्बन्धी प्रक्रिया अघि बढाउन बाधा नपर्ने” निर्णय कार्यान्वयन अर्को व्यवस्था नभएसम्म “कार्यान्वयन नगर्ने” भन्ने निर्णय भएको र उक्त निर्णयको जानकारी तथा कार्यान्वयन गर्न काठमाडौं विश्वविद्यालयलाई मिति २०७४।०२।३० को पत्र मार्फत निर्देशन प्राप्त भएकोले नेपाल सरकार मन्त्रिपरिषद्को बैठक संख्या ४३।०७३ मिति २०७३।०८।२६ र बैठक संख्या १५।०७४ मिति २०७४।०२।१९ को निर्णयको प्रतिकूल हुने गरी मेडिकल कलेजहरुलाई सम्बन्धन दिने विषयमा सम्माननीय प्रधानमन्त्री एवं कुलपति तथा माननीय शिक्षा मन्त्री तथा सहकुलपति ज्यूबाट भएका तोक आदेश नेपाल सरकार मन्त्रिपरिषद्बाट पारित नीति विपरीत र काठमाडौं विश्वविद्यालयका ऐन नियमले निर्धारण गरेका प्रक्रिया अनुरुप परेको नदेखिएकोले उक्त तोक आदेशलाई प्रक्रियामा राख्न नसकेकोले निवेदनलाई आधार मानी सम्बन्धन नदिएको भन्ने व्यहोरा पारी दायर भएको प्रस्तुत रिट निवेदन खारेज भागी छ रिट निबेदन खारेज गरीपाँउ भन्नेसमेत व्यहोराको काठमाडौं विश्वविद्यालयका कार्यकारी परिषद्, विद्या परिषद्, विश्वविद्यायका सभा, प्राज्ञिक परिषद्, स्कुल अफ मेडिकल साईन्सेज, डीन कार्यालयका उपकुलपति तथा रजिष्ट्रार प्रा.डा. श्री सुवोध शर्मा आत्रेय समेतको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

२०. निवेदनमा लिएको  जिकिर काठमाडौं विश्वविद्यालय ऐन, २०४८ र राष्ट्रिय चिकित्सा शिक्षा ऐन. २०७५ ले गरेको कानूनी प्रबन्ध बमोजिम हुने हो। मिति २०७६।११।०१ मा निवेदक संस्थाले एम.वि.वि.एस कार्यक्रम सञ्चालनका लागि सम्बन्धन प्रदान गरिदिनु भनी सिफारिस गरिदिने विषयमा आयोग समक्ष निवेदन पेश गरेको भएता पनि सोही ऐनको दफा ११ को उपदफा (२) को खण्ड (ग) मा आशयपत्र प्राप्तिका लागि त्यस्तो संस्थाले सम्बन्धन लिन चाहेको विश्वविद्यालयको सहमतिपत्र पेश गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेकोमा निवेदक संस्थाले पेश गरेको कागजातमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ प्रारम्भ हुनु अगावै मनसायपत्र प्राप्त गरेको भए पनि सम्बन्धन लिन चाहेको विश्वविद्यालयको सहमतिपत्र संलग्न भएको देखिएन। यसरी ऐनको प्रावधान अनुरुप पुरा गर्नुपर्ने कागजात तथा आवश्यक विवरण पेश नगरी  रिट क्षेत्रमा प्रवेश गरेको देखिंदा

प्रस्तुत रिट निवेदन खारेजभागी छ खारेज गरी पाउँ भन्ने समेत व्यहोराको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका माननीय मन्त्री तथा सह-अध्यक्ष ,चिकित्सा शिक्षा आयोगका मन्त्री श्री भानुभक्त ढकालको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

२१. चिकित्सा शिक्षा ऐन, २०७५ मा गरिएको कानूनी प्रावधान अनुरुप शिक्षण संस्था स्थापना गर्न चाहने संस्थाले स्वयं नै सम्बन्धन लिन चाहेको विश्वविद्यालयको सहमती पत्र प्राप्त गरी आयोग समक्ष पेश गर्नुपर्ने व्यवस्था ऐनमा प्रस्ट रुपमा उल्लेख छ। काठमाडौं विश्वविद्यालय, काठमाण्डौ विश्वविद्यालय ऐन, २०४८ बाट गठित स्वशासित र संगठित संस्था भएको हुँदा कुनै पनि संस्थालाई सम्बन्धन दिने नदिने विषयको निर्णय गर्ने अधिकार सोही ऐनमा भएको कानूनी व्यवस्था बमोजिम सोही विश्वविद्यालयलाई हुने भएकोले उक्त विषय यस मन्त्रालयको कार्यक्षेत्रभित्र नभएको हुँदा बेसरोकार निकायलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज भागी छ खारेज गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७७।०४।२३ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव श्री लक्ष्मण अर्यालको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

## <u>यस अदालतको आदेश</u>

२२. नियम बमोजिम पेशी सूचीमा चढी पेस हुन आएको प्रस्तुत निवेदनमा मिसिल संलग्न कागजात अध्ययन गरियो। निवेदक वि.एण्ड.सी. मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टरको तर्फबाट उपस्थित हुनु भएको विद्वान वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री बद्री बहादुर कार्की, श्री रमण श्रेष्ठ, श्री टंकप्रसाद दुलाल, प्रा.डा. श्री शम्भुप्रसाद खनाल, श्री विजय कुमार मिश्र, श्री बालकृण्ण न्यौपाने, श्री डा. भिमार्जुन आचार्य, श्री नरेन्द्र गौतम तथा अधिवक्ताहरु श्री डा.सरीता खनाल, श्री ईश्वरी महर्जन र श्री रेनुका देबी सिटौलाले निवेदक संस्थाले कानूनबमोजिम मनशायपत्र प्राप्त गरी पाँच अर्ब पचास करोड भन्दा बढी लगानी गरी नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ७ क.(२), नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ तथा आधारभूत नीति, २०६३ बमोजिम नेपाल सरकारको सहमति, अनुमति एवं स्वीकृति अनुसार मेडिकल कलेज तथा शिक्षण अस्पतालका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ती, उपकरण तथा श्रोतसाधन समेतको व्यवस्थापन गरी सम्बन्धन दिने सम्बन्धमा काठमाडौं विश्वविद्यालय धुलीखेलले निवेदक संस्थाका मनशायपत्र देखि हालसम्मका सम्पूर्ण मिसिल कागजात आफूसाथ राखी आजका मितिसम्म कुनै निर्णय नगरी राखेकोले विपक्षीको यस्तो कार्यबाट नेपालको

संविधानले प्रत्याभूत गरेको कानूनको शासन तथा नागरिकको मौलिक हकको हनन् भएकोले निवेदकलाई राष्ट्रिय चिकित्सा ऐन, २०७५ को दफा १३ को उपदफा (६) को प्रतिबन्धात्मक वाक्यांशमा गरिएको व्यवस्था बमोजिम सम्बन्धन दिई विपक्षी आयोगको मिति २०७३।११।२९ धारणा भनी मिति २०७६।१२।०३ को सूचना तथा सो सूचना र कलेजलाई सम्बन्धन नदिने सम्बन्धी पत्र उत्प्रेषणको आदेशबाट बदर गरी पाउँ तथा नेपाल सरकार शिक्षा मन्त्रालयको मिति २०७३।११।१५ च.नं. ४१९ को सम्बन्धन दिने गरी काठमाडौं विश्वविद्यालयलाई पठाएको पत्र बमोजिम सम्बन्धन दिने गरी विपक्षीहरुका नाउँमा परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी गरी नागरिकको मौलिक हकको रक्षा गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

२३. विपक्षी काठमाडौं विश्वविद्यालयको तर्फबाट उपस्थित रहनु भएका वरिष्ठ विद्वान अधिवक्ता श्री निरञ्जन आचार्य तथा अधिवक्ता श्री केदारप्रसाद कोईरालाले काठमाडौं विश्वविद्यालयको सम्बन्धन सम्बन्धी व्यवस्थाका लागि विश्वविद्यालय ऐन, २०४८ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं विश्वविद्यालयको ६६ औं विश्वविद्यालय सभाले काठमाडौं विश्वविद्यालय सम्बन्धन तथा विस्तारित कार्यक्रम सम्बन्धी नियम, २०७१ पारित गरी मिति २०७१ असार २३ गतेबाट लागू भएको छ। उल्लेखित व्यवस्थाहरु सम्बन्धन चाहने निवेदकका लागि वाध्यात्मक कानूनी व्यवस्थाहरु हुन्। निवेदक संस्थाले उक्त कानूनी व्यवस्था बमोजिम प्रारम्भिक रुपमा पुरा गर्नुपर्ने प्रक्रिया र पद्धती समेत नअपनाई कानून सम्मत ढंगले सहभागी नभएकोले प्रस्तुत मुद्दामा झुठ्ठा व्यहोरा पारी पेस हुन आएको विपक्षी निवेदकको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

२४. विपक्षी नेपाल मेडिकल काउन्सिलका तर्फबाट उपस्थित रहनु भएका विद्वान अधिवक्ता श्री नारदप्रसाद खनालले २०७५ सालको ऐन लागू भएपछि परिस्थिती परिवर्तन भएकोले ऐनको दफा ५३ मा विश्वविद्यालय, प्रतिष्ठान तथा सम्बन्धित विषयगत काउन्सिलसँग प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम हुनेछ भन्ने ऐनको व्यवस्थाले सो ऐन राजपत्रमा प्रकाशित भईसकेपछि सम्बन्धन वा मेडिकल कलेज स्थापना गर्ने सम्बन्धमा काउन्सिलको कुनै भूमिका नरहने हुनाले नेपाल मेडिकल काउन्सिललाई विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहससमेत सुनियो।

२५. विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट उपस्थित रहनु भएका सह-न्यायाधिवक्ता श्री खेमराज ज्ञावलीले आयोगको अध्यक्षको हैसियतमा आयोगको वैठकको अध्यक्षता गर्ने बाहेक अध्यक्षको कुनै कार्यकारी भूमिका रहेको छैन। रिट निवेदकको माग दावीका सम्बन्धमा अध्यक्षले निर्णय गरी दिने कानूनी व्यवस्था रहेको छैन। त्यसैले चिकित्सा शिक्षा आयोगको अध्यक्षलाई यस विषयमा विपक्षी बनाउनु पर्ने नहुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाँउ भनी गर्नु भएको बहस समेत सुनियो।

२६. रिट निवेदक प्रा.लि.ले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ जारी हुनुपूर्व मनशायपत्र लिई मापदण्ड पुरा गरेको कुरा विल्कुल सत्य होइन। यसमा परित्यागको सिद्धान्त (डक्ट्रीन अफ् वेभर) आकर्षित हुन्छ। रिट निवेदक प्रा.लि.ले ऐन जारी हुनु अघि नै मनशायपत्र एवं प्रचलित कानून बमोजिमका सम्पूर्ण मापदण्ड पुरा गरेको कुरा पनि कहिं कसैले प्रमाणित गरेको छैन। बस्तुस्थितिको मूल्याङ्कन वा अध्ययन प्रतिवेदन विना केवल भनसुन, दवाब प्रभावका आधारमा भएका अनधिकृत पत्राचारको कानूनी अस्तित्व हुँदैन। सुशासनको अवस्था कमजोर रहेको हाम्रो जस्तो समाजमा सार्वजनिक हित प्रतिरक्षाको जिम्मा सार्वजनिक संस्थाका पदाधिकारीलाई एकल रुपमा छाड्न मिल्दैन। सार्वजनिक हित रक्षाको विषयमा सचेत नागरिकको परिपूरक भूमिका अपरिहार्य हुन्छ। अन्तरिम आदेशको माध्यमबाट रिट निवेदक कम्पनीको हकमा मात्र कानून परित्याग गर्न वा पन्छाउन (वाइपास वा प्रिइम्ट गर्न) पाउने उन्मुक्तियुक्त अवस्थाको सिर्जना हुनु गम्भीर विषय हुन जाने हुन्छ। रिट निवेदक प्रा.लि.ले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १३(६) को सहारा लिई अनूचित उन्मुक्ति हासिल गर्न खोजेको छ। प्रत्येक वर्ष नवीकरण हुनुपर्ने अन्यथा स्वतः रद्ध हुने उक्त कम्पनीको मनशायपत्र विगत करिव ४ वर्ष नवीकरण नै नगरी कानूनी दायरामा आउनुको अलवा अन्तरिम आदेशको माध्यमबाट रिट निवेदक कम्पनीले प्राप्त गर्न खोजेको कानूनी उपचार साधिकार निकायले अस्विकार गर्नुपर्छ। रिट निवेदकले पूर्वाञ्चल विश्वविद्यालयबाट मेडिकल कलेज सञ्चालन र सम्बन्धन लिएमा सरोकारवालको तर्फबाट बाधा बिरोध रहेको छैन। त्यसैले प्रस्तुत रिट निवेदन खारेज गरी पाँउ भनी (०७८-FN-०१८४) को निबेदनबाट संलग्न हुनु भएका चिकित्सा क्षेत्र सुशासन अभियानमा क्रियाशिल सोलिडारीटी फर डा. गोविन्द के.सी एलायन्समा सरोकारवाला

निवेदक शशीबिक्रम कार्किको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताहरु विद्वान श्री ओमप्रकाश अर्याल र श्री पुनदेवी महर्जनले गर्नु भएको बहससमेत सुनियो।

२७. यसमा रिट निवेदक संस्थाले नेपाल मेडिकल काउन्सिल ऐन २०२०, नेपाल मेडिकल काउन्सिल नियमावली २०२४, उक्त आधारभूत नीति, २०६३ समेत बमोजिम मनशायपत्र प्राप्त गरी पाँच अर्ब पचास करोड रुपैयाँभन्दा बढी लगानी गरी नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ७क. (२) र आधारभूत नीति २०६३ बमोजिम नेपाल सरकारको सहमति, अनुमति एवं स्वीकृतिमा भौतिक एवं आवश्यक पूर्वाधार जनशक्ति उपकरण श्रोत साधनको व्यवस्था गरी तयार गरिसकेको र म निवेदकले सम्बन्धन पाउने किटानी व्यवस्था उल्लेखित ऐन, नियम, नीति र राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १३ को उपदफा (६) को प्रतिबन्धात्मक वाक्यांशमा गरिएको हुँदा विपक्षी आयोगको मिति २०७३।११।२९ को धारणा भन्ने निर्णय, सोको मिति २०७६।१२।०३ को सूचना र पत्र संख्या ०७६/७७ च.नं. ४१९ को विपक्षी आयोगको धारणा सम्बन्धमा भनी निवेदक कलेजलाई सम्बन्धन नदिने वदनियत राखी प्रेशित पत्र बदर गरी यो रिट निवेदनको अन्तिम किनारा नलागुन्जेलसम्म कार्यान्वयन नगर्नु, नगराउनु र विपक्षी नेपाल सरकार शिक्षा मन्त्रालयको मिति २०७३।११।१५ च.नं. ४१९ को निवेदक कलेजलाई सम्बन्धन दिने गरी काठमाडौं विश्वविद्यालयलाई पठाएको पत्र बमोजिम सम्बन्धन दिन र सो पत्र कार्यान्वयन गर्न कुनै वाधा अड्चन नगर्नु नगराउनु। उक्त पत्र बमोजिमको सम्बन्धनको प्रक्रिया अगाडि बढाउन, सम्बन्धन दिन, विद्यार्थी भर्ना गर्न, पठन पाठन गर्न गराउन नरोक्नु यसै शैक्षिकसत्रबाट सम्बन्धन प्रदान गरी विद्यार्थी भर्ना गरी गराई, पठन पाठनको कार्य अगाडि बढाउनु नरोक्नु भनी विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरी पाउँ भनी रिट निवेदन दायर गरेकोमा चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकता अनुरुप विकास गरी चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन, चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा चिकित्सा शिक्षामा गुणस्तर, पेशाधर्मिता, संस्थागत जवाफदेही, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्न लगायत सबै विद्यार्थीहरुको समान पहुँच सुनिश्चित गर्नका लागि चिकित्सा शिक्षा सुधार गर्ने सम्बन्धमा विभिन्न समयमा गठित आयोग, समिति तथा कार्यदलको प्रतिवेदनको मर्म र भावना समेतलाई दृष्टिगत गरी चिकित्सा शिक्षा आयोगको

स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ जारी गरिएकोमा रिट निवेदक प्रा.लि.ले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ जारी हुनुपूर्व मनशायपत्र लिई प्रत्येक वर्ष नवीकरण हुनु पर्ने अन्यथा स्वतः रद्ध हुने उक्त कम्पनीको मनशायपत्र विगत करिव ४ वर्ष देखि नवीकरण नगरी राखेकोमा प्रचलित कानून बमोजिम कार्य सम्पन्न भएता पनि २०७५ सालको ऐन लागू भएपछि परिस्थिती परिवर्तन भएकोले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १३(६) को सहारा लिई अनूचित प्रकृतिको उन्मुक्ति हासिल गर्ने उद्देश्यले पेस हुन आएको विपक्षी निवेदकको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसममेत व्यहोराको चिकित्सा शिक्षा आयोगसमेतको लिखित जवाफ रहेको देखिन्छ।

२८. अव यस्तो स्थितिमा निवेदकले माग गरे बमोजिम आदेश जारी हुनुपर्ने हो वा होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने भएकोमा प्रस्तुत रिट निवेदनमा देहाय सवालहरुको विवेचना गरी न्यायिक निश्कर्षमा पुग्नु पर्ने देखिन आयोः-

**(क) प्रस्तुत रिट निवेदनको तथ्यगत अवस्था के कस्तो रहेको छ?**

**(ख) मेडिकल कलेजलाई सम्बन्धन दिने नदिने सम्बन्धमा प्रचलित कानून के केस्ता रहे भएका देखिन्छन?**

**(ग) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७५ तथा राष्ट्रिय चिकत्सा शिक्षा नियमावली, २०७७ निवेदकका हकमा के कसरी लागू हुन्छ वा हुन्न?**

**(घ) रिट निवेदन सम्बन्धी सन्निहित सवालहरुमा सर्वोच्च अदालतको न्यायिक मान्यता, व्याख्याहरु एवं अवधारणाहरु के कस्ता रहेका छन्?**

**(ङ) रिट निवेदकको माग बमोजिम रिट जारी हुनुपर्ने देखिन्छ वा देखिंदैन?**

२९. **अव पहिलो सवालका सम्बन्धमा मिसिल संलग्न कागज प्रमाणहरु हेर्दा,** मिति २०६८।०९।१४ मा मेची अञ्चललाई प्राथमिकता दिई मेडिकल कलेज स्थापनाका लागि मनशायपत्रको आवेदन खुल्ला गर्ने शिक्षा मन्त्रालयले निर्णय गरी आवेदन खुल्ला गरेकोमा निवेदक कम्पनीले मन्त्रालयमा आवेदन दिएकोमा निवेदक कम्पनीलाई मिति २०६८।१०।२३ मा MBBS कार्यक्रम सञ्चालनको मनशायपत्र (Letter of Intent) दिने भन्ने शिक्षा मन्त्रालयको निर्णय भएको देखिन्छ। सो निर्णय पश्चात मिति २०६८।१०।२४ मा निवेदकको नाममा शिक्षा मन्त्रालयबाट MBBS कार्यक्रम सञ्चालनको लागि पहिलो वर्षमा गर्नुपर्ने कार्यहरु, दोस्रो वर्षमा गर्नुपर्ने कार्यहरु र तेस्रो

वर्षमा गर्नुपर्ने कार्यहरु खुलाई विभिन्न शर्तहरु राखी मनशायपत्र (Letter of Intent) को पत्र प्रदान गरेको देखिन्छ। मिति २०७०।०१।०८ मा मनशायपत्र (Letter of Intent) को म्याद मिति २०७०।०१।०८ देखि लागू हुने गरी १ वर्ष थप गर्ने शिक्षा मन्त्रालयको निर्णय भई एक वर्ष थप गरिएको उक्त मनशायपत्र (Letter of Intent) मन्त्रालयको च.नं. म-२१।२०६८।०६९ को पत्र शिक्षा मन्त्रालयबाट जारी भएको देखिन्छ। तत्पश्चात मिति २०७१।०५।२० मा पुनः मनशायपत्रको टुटेको अवधिलाई निरन्तरता दिंदै मिति २०७१।०५।२० देखि लागू हुने गरी दोस्रो पटक एक वर्षको लागि मनशायपत्र (Letter of Intent) को म्याद थप गर्ने शिक्षा मन्त्रालयको निर्णय बमोजिम दोस्रो पटक एक वर्ष थप गरिएको मन्त्रालयको च.नं.म-०१/२०७१/०७२ को पत्र शिक्षा मन्त्रालयबाट जारी भएको तथा मिति २०७३।०७।२४ मा मनशायपत्र (Letter of Intent) तेस्रो पटक एक वर्ष थप गरिएको मन्त्रालयको च.नं.म-०१/२०७३।०७४ को पत्र शिक्षा मन्त्रालयबाट जारी भएको देखियो।

३०. मिति २०७१।०८।१६ मा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट प्रस्तावित ९०० शैयाको हस्पिटल आयोजनाको EIA प्रतिवेदन स्वीकृत गर्ने निर्णय भई मिति २०७१।०८।१७ मा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट प्रस्तावित ९०० शैयाको हस्पिटल आयोजनाको EIA प्रतिवेदन स्वीकृत गरी जानकारी गराएको च.नं.१२६४ को पत्र प्राप्त भएपछि मिति २०७२।१०।०८ मा सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, इलामबाट अस्पताल तथा प्रशासनिक भवनको नक्सा डिजाईनको सहमति हुने निर्णय भई च.नं.५८५ बाट डिजाइन सहमतिको पत्र मिसिल संलग्न रहेको देखियो।

३१. मिति २०७३।०४।०९ मा नेपाल सरकार, स्वास्थ्य मन्त्रालयबाट ३०० शैयाको अस्पताल सञ्चालन गर्न स्वीकृति भई सो अनुसारको अस्पताल सञ्चालन स्वीकृतिको पत्र प्राप्त भएकोमा झापा धाईजन गा.वि.स.ले कलेज भवनको निर्माण सम्पन्न भई च.नं.५५३ मिति २०७३।०७।२४ को निर्माण सम्पन्न पत्र जारी गरेको र मिति २०७३।०८।०९ मा शिक्षा मन्त्रालयले नेपाल मेडिकल काउन्सिललाई मेडिकल कलेजको मापदण्ड तथा पूर्वाधारको स्थलगत निरीक्षण गरी सोको प्रतिवेदन उपलब्ध गराई पाउन पत्राचार गरेकोमा नेपाल मेडिकल काउन्सिलले २०७३ मंसीर १४-१५ मा स्थलगत निरीक्षण गरी MBBS कार्यमा सञ्चलानार्थ प्रारम्भिक अवस्थामा सकरात्मक

देखिएको राय परामर्श सहितको स्थलगत निरीक्षण प्रतिवेदन मिति २०७३।०८।१७ मा मन्त्रालयमा पेस गरेको मिसिल संलग्न रहेको देखियो।

३२. मिति २०७३।११।१५ मा शिक्षा मन्त्रालयले काठमाडौं विश्वविद्यालय, धुलिखेललाई सम्बन्धनका लागि आवश्यक कागजातहरु संलग्न गरी उपकुलपतिलाई पत्राचार गरेकोमा उक्त पत्र सहितको सम्बन्धन सम्बन्धी फायल काठमाडौं विश्वविद्यालयले मिति २०७३।११।१७ मा बुझी लिएकोमा त्यसपछि लामो समयसम्म नयाँ ऐन आएपछि प्रक्रिया अघि बढाउने भनी सम्बन्धन दिने प्रक्रिया कार्यान्वयन नगरी बसेको मिसिल संलग्न प्रमाण कागजबाट देखियो।

३३. तत्पश्चात मिति २०७५।११।१० मा राष्ट्रिय चिकित्सा ऐन, २०७५ मा प्रारम्भ भएकोमा मिति २०७६।१२।०३ मा निवेदक कलेजले MBBS कार्यक्रम सञ्चालनको लागि काठमाडौं विश्वविद्यालयका नाउँमा सिफारिस गरी पाउन चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुरमा सम्पूर्ण व्यहोरा खोली निवेदन दिएकोमा चिकित्सा शिक्षा नियमावली, २०७६ निर्माणको प्रक्रियामा रहेको हुनाले नियमावली स्वीकृति पश्चात मात्र यकिन हुन सक्ने भनी चिकित्सा शिक्षा आयोगले मिति २०७६।१२।०३ च.नं. ४१९ को पत्रबाट जवाफ दिएको मिसिल संलग्न प्रमाण कागजबाट देखियो।

३४. मिति २०७७।०३।२१ को चिकित्सा शिक्षा आयोगको पत्र र मिति २०७६।१२।०३ को निर्णय एवं पत्र समेत उत्प्रेषणको आदेशबाट बदर गरी परमादेश समेत जारी गरी पाउँ भनी रिट नं. ०७६-WO-१०७३ को रिट निवेदन निवेदकले दर्ता गरेकोमा सर्वोच्च अदालतको एकल इजलासबाट कारण देखाउ आदेश समेत भएको देखियो। यसै बीचमा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ नेपाल राजपत्र संख्या १७ भाग ३ मा प्रकाशित भएको, उक्त नियमावलीको नियम ७ उपनियम (३) ले "सम्बन्धनका लागि सिफारिस भएका तर आशयपत्र नवीकरण नगराएका शिक्षण संस्थाले यो नियम प्रारम्भ भएको मितिले तिन महिनाभित्र यस नियमावली बमोजिम आशयपत्र नवीकरण गराउनु पर्नेछ" भनी लेखिएको र "नियम ७ उपनियम (४) मा यस नियमावली बमोजिम नवीकरण नगरेको आशयपत्र स्वतः रद्ध हुनेछ भनी लेखिएकोमा नियमावलीको नियम ७ को उपनियम (१), (३) र (४) को व्यवस्था चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १३ को उपदफा (६) को प्रतिकूल रहेकोले उक्त व्यवस्था उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने समेतको जिकिर लिई निवेदक यस रिट नं.०७७-WO-०३२४ को रिट दर्ता भई

कारण देखाउ आदेश र नियमावलीको नियम ७ को उपनियम (१), (३) र (४) सम्बन्धी व्यवस्था निवेदकको हकमा लागू नगरी कार्यान्वयन नगर्नु भनी मिति २०७७।०७।२८ मा यस अदालतबाट आदेश भएको समेत देखिन आयो।

३५. **दोस्रो सवाल अर्थात् मेडिकल कलेजको सम्बन्धमा दिने नदिने सम्बन्धमा रहे भएका ऐन कानूनहरु के कस्ता रहे भएका देखिन्छन् भन्ने तर्फ हेर्दा,** नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ७ को उपदफा (१) मा काउन्सिलको काम, कर्तव्य र अधिकार तोकेको पाइन्छ। सो बमोजिम चिकित्साशास्त्र अध्ययन अध्यापन गराइने तथा तालिम दिने दिलाउने, मेडिकल कलेजलाई तोकिए बमोजिम मान्यता दिने, चिकित्साशास्त्र अध्ययन अध्यापन गराउने, तालिम दिने दिलाउने, मेडिकल कलेजको पाठ्यक्रम मानांका शर्तहरु तयार गर्ने गराउने, परीक्षा प्रणाली सम्बन्धी तोकिए बमोजिमको नीति तथा अन्य आवश्यक पूर्वाधारहरु तथा मापदण्ड सम्बन्धी कुराहरुको मूल्याङ्कन र पुनरावलोकन गर्दा सो बमोजिम नभएको ठहर भएमा दर्ता तथा स्वीकृति खारेजीको लागि सिफारिस गर्ने, चिकित्सा व्यवसाय सुचारु रुपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने समेतको व्यवस्था गरेको देखिन्छ। त्यस्तै काउन्सिलले त्यस्तो मेडिकल कलेजले ऐनको दफा ७ को उपदफा (१) को खण्ड (ख) बमोजिम मापदण्ड तथा पूर्वाधार पुरा गरे नगरेको जाँचबुझ गरी पुरा गरेको देखिएमा मात्र काउन्सिलले मेडिकल कलेज स्थापना तथा सञ्चालन गर्न स्वीकृति दिने सम्बन्धमा परामर्श दिने र काउन्सिलको त्यस्तो परामर्शको आधारमा नेपाल सरकारले मेडिकल कलेज स्थापना तथा सञ्चालन गर्ने स्वीकृति दिने समेतको कानूनी व्यवस्था गरेको पाइन्छ। साथै सम्बन्धनका सम्बन्धमा नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ तथा आधारभूत नीति, २०६३ को अनुसूची १(१.१७) को कानूनी व्यवस्था रहेको समेत देखिन आयो।

३६. यसै बीच निवेदकको मेडिकल कलेजको सम्बन्धन विचाराधीन रहेका बखत राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ प्रारम्भ भई सो ऐनको दफा १३ मा चिकित्सा शिक्षालाई सम्बन्धन दिने सम्बन्धी निम्न व्यवस्था गरेको पाइन्छः-

**(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय र परिषद्ले आफ्नो आङ्गिक कार्यक्रम नभएका विषयमा कुनै पनि शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन।**

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा सञ्चालन नभएका नयाँ शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक प्राज्ञिक तथा भौतिक पूर्वाधार तथा व्यवस्थापकीय क्षमता भएका शिक्षण संस्थालाई सो कार्यक्रम सञ्चालन गर्न आयोगको सिफारिसमा सम्बन्धित विश्वविद्यालयले सम्बन्धन दिन सक्नेछ।

(३) विश्वविद्यालयले एक जिल्लामा एकभन्दा बढी मेडिकल वा डेन्टल विषयका शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि जनसङ्ख्या, उपलब्ध शिक्षण संस्था, भौगोलिक विशिष्टता, स्वास्थ्य सेवामा नागरिकको पहुँच तथा सामाजिक न्याय समेतलाई दृष्टिगत गरी आयोगले उपयुक्त ठहर्‍याएको जिल्लामा एकभन्दा बढी मेडिकल वा डेन्टल विषयका शिक्षण संस्थालाई सम्बन्धन दिन बाधा पर्ने छैन।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयले देहायको अवस्थामा शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैनः-

(क) प्रचलित कानून बमोजिम लिएको आशयपत्रमा उल्लिखित शर्तहरु पुरा नगरेको,

(ख) अस्पताल सञ्चालन सम्बन्धमा प्रचलित कानून बमोजिम स्वीकृति लिई तीन वर्षसम्म आफ्नै अस्पताल पूर्ण रूपमा सञ्चालन नगरेको

(ग) आयोगले तोकेको मापदण्ड पुरा नगरेको,

(घ) प्रचलित कानून बमोजिम पुरा गर्नु पर्ने अन्य शर्त वा मापदण्ड पुरा नगरेको भन्ने रहेको पाइन्छ।

उपदफा ६ मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन जारी भएपछि एक विश्वविद्यालयले पाँच भन्दा वढी शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन। तर यो ऐन जारी हुनुभन्दा अघि सम्बन्धन दिई सकेका र मनशायपत्र लिई मापदण्ड पुरा गरेका काठमाडौं उपत्यका बाहिरका शिक्षण संस्थाका हकमा यो प्रावधान लागू हुने छैन। काठमाडौं उपत्यका बाहिरका अन्य शिक्षण संस्थाका हकमा आयोगले निर्णय गरे वमोजिम हुनेछ। आयोगले निर्णय गर्दा यस ऐनको कुनै पनि कुराले वाधा पुग्ने छैन" भनी व्यवस्था गरेको पाइन्छ।

३७. त्यस्तै प्रकारले राष्ट्रिय चिकित्सा नियमावली, २०७७ को नियम ७ मा आशयपत्रको नवीकरणसम्बन्धी निम्न व्यवस्था गरिएको छः-

(१) यो नियमावली प्रारम्भ हुँदाका बखत आशयपत्र प्राप्त गरेका वा नियम ६ बमोजिम आशयपत्र प्राप्त गरेका शिक्षण संस्थाले प्रत्येक वर्ष असार मसान्तभित्र आशयपत्र नवीकरण गराउनु पर्नेछ।

(२) आशयपत्रको नवीकरण दस्तुर अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

**(३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धनका लागि सिफारिस भएका तर आशयपत्रको नवीकरण नगराएका शिक्षण संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र यस नियमावली बमोजिम आशयपत्र नवीकरण गराउनु पर्नेछ।**

**(४) यस नियम बमोजिम नवीकरण नगरेको आशयपत्र स्वतः रद्ध हुनेछ भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ।**

३८. यसरी निवेदकको मेडिकल कलेज सम्बन्धन प्रक्रिया विचाराधीन रहेको बखत क्रियाशिल ऐन कानूनका अतिरिक्त राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ र राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ प्रारम्भ भएको र सो कानूनमा भएको कानूनी व्यवस्था बमोजिम रिट निवेदकको मेडिकल कलेजलाई सम्बन्धन नदिएको अवस्था देखिन्छ। साथै सो ऐन कानून जारी हुँदाका पृष्ठभूमी सम्बन्धमा काठमाडौं विश्वविद्यालयको लिखित जवाफ हेर्दा, **"मेडिकल कलेजको सम्बन्धन तथा अन्य चिकित्सा क्षेत्रका सुधारका लागि विगत ८ वर्ष देखि नागरिक सरोकारवाला र अभियन्ता डा. गोविन्द के.सी. बाट भएका विभिन्न प्रयास र त्यसको उपलब्धी स्वरुप भएको सहमति आम नागरिक र चासोको सरोकारको विषयको रुपमा रहेकाले नेपाल सरकारको प्रतिनिधि वार्ता टोली र चिकित्सा क्षेत्र सुधारका अभियन्ता पक्षहरु बीच मिति २०७३।०८।१९ गते भएको सहमतिको बुँदामा "राष्ट्रिय चिकित्सा शिक्षा विधेयक २०७३ पारित नहुन्जेल नयाँ मनशायपत्र जारी गर्ने, पुराना आशयपत्रको नवीकरण गर्ने, नयाँ मेडिकल कलेजलाई सम्बन्धन दिने र विस्तारित कार्यक्रमको अनुमति दिने कार्य नगर्ने भनी" नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार काठमाडौं उपत्यका बाहिर नियमानुसार सम्बन्धन सम्बन्धी प्रक्रिया अघि बढाउन वाधा नपर्ने निर्णय अर्को व्यवस्था नभएसम्म कार्यान्वयन नगर्ने भन्न"** निर्णय भई सम्बन्धनको प्रक्रिया रोकिएको अवस्था देखिन आउँछ।

३९. **अव निवेदकको मेडिकल कलेजका सम्बन्धमा भएको उपरोक्त तथ्य एवं कानूनहरुको रोहबाट प्रस्तुत ऐन नियम निवेदकका हकमा के कसरी आकर्षित हुन्छन् वा हुन्नन् भन्ने सम्बन्धमा हेर्दा,** निवेदकले मेडिकल कलेज सञ्चालनका लागि २०६८ सालमा निवेदन गरेको र नेपाल सरकार, शिक्षा मन्त्रालयबाट मिति २०६८।१०।२३ को निर्णय बमोजिम एम.वि.वि.एस. कार्यक्रम सञ्चालनका लागि मनशायपत्र (Letter of Intent) प्राप्त गरेको र पटक पटक नवीकरणको म्याद थप हुँदै मिति २०७३।०७।११ मा समेत म्याद थप भई मिति २०७३।०८।१७ मा सम्बन्धन प्रक्रिया सहित बढाउने राय सिफारिस समेत भएको देखिन्छ। निवेदकले मेडिकल कलेज सञ्चालनको लागि मिति २०६८।१०।२४ मा नेपाल सरकारले विभिन्न शर्त एवं मापदण्ड तोकी मनशायपत्र प्राप्त गरेको दखिन्छ। निवेदक वि.एण्ड.सी. मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च

सेन्टर प्रा.लि.ले नेपाल सरकार स्वास्थ्य मन्त्रालयद्वारा जारी गरिएको स्वास्थ्य संस्था स्थापना सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम ३०० शैयाको अस्पताल सञ्चालनको स्वीकृति प्रदान गरेको मिति २०७३।०४।०९ को उक्त मन्त्रालयको पत्रबाट देखिन आउँछ। तत्सम्बन्धमा तत्कालीन शिक्षा मन्त्रालयका मिति २०७३।०८।०९ को पत्र विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको मिति २०७३।०८।१७ को पत्र, सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय इलामको मिति २०७३।१०।०८ को भवन डिजाइन सहमति पत्र भएको देखिन्छ। त्यस्तै प्रकारले घाइन्जन गा.वि.स. को मिति २०७३।०७।०४ को भवन निर्माण सम्पन्न प्रमाणपत्र र सहरी विकास तथा भवन विभागको मिति २०७३।०९।१४ को पत्र देखिन्छ। त्यस्तै अनारमनी नगरोन्मुख गा.वि.स.को भवन निर्माण सम्पन्न प्रमाणपत्र समेत मिसिल सामेल रहेको देखिन्छ। त्यस्तै प्रकारले नेपाल मेडिकल काउन्सिलको मिति २०७३।०८।१७ को शिक्षा मन्त्रालयलाई लेखेको पत्रमा "नेपाल मेडिकलबाट प्रस्तावित वि.एण्ड.सि. मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. झापाका सम्बन्धमा नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ७ क. (२) अनुसार मापदण्ड तथा पूर्वाधार पुरा भएको सम्बन्धमा ०७३ मङ्सिर १४-१५ मा स्थलगत प्रारम्भिक निरीक्षण गरिएको र प्रारम्भिक निरीक्षणको प्रतिवेदन तथा त्यहाँबाट पत्रसाथ पठाइएको प्रस्तावित कलेजको Self Appraisal Report र आवश्यक संलग्न कागजातहरुलाई समेत आधार मानी प्रस्तावित उक्त कलेजमा एम.वि.वि.एस. कार्यक्रम सञ्चलानार्थ प्रारम्भिक अवस्थामा सकरात्मक देखिएको व्यहोरा राय परामर्शका लागि जानकारी गराउँछु" भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। त्यस्तै प्रकारले निवेदक संस्थालाई सम्बन्धन प्रदान गर्ने मिति २०७३।११।१५ मा काठमाडौं विश्वविद्यालय उपकुलपति र शिक्षा मन्त्रालयलाई कुलपतिबाट पत्राचार समेत भएको देखिन्छ। निवेदक संस्थाले सम्बन्धन प्राप्त गर्दा तोकिएका स्थलका लागि शर्त बमोजिम जग्गा खरिद गरेको र विभिन्न बैकहरुबाट Syndicated Loan समेत लिएको देखिन्छ। सो ऋण लिंदा नेपाल राष्ट्र बैंकको सहमति प्राप्त गरी व्याज एवं ऋण चुक्ताका शर्त समेत रहे भएको देखिन्छ। यसरी काठमाडौं विश्वविद्यालयको लिखित जवाफमा उल्लेख भए बमोजिम नेपाल सरकारको वार्ता टोली चिकित्सा क्षेत्रका सुधार अभियन्ता बीच मिति २०७३।०८।१९ मा भएको "राष्ट्रिय चिकित्सा विधेयक २०७३ पारित नहुन्जेल नयाँ मनशायपत्र जारी गर्ने, पुराना आशयपत्रको नवीकरण गर्ने, नयाँ मेडिकल कलेजलाई सम्बन्धन दिने र विस्तारित कार्यक्रमको अनुमति दिने कार्य नगर्ने" भनी भएको सहमति बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार "काठमाडौं उपत्यका बाहिर नियमानुसार सम्बन्धन सम्बन्धी प्रक्रिया अघि बढाउन वाधा नपर्ने" निर्णय कार्यान्वयन अर्को व्यवस्था नभएसम्म

कार्यान्वयन नगर्ने निर्णय भएको र सोही निर्णय बमोजिम निवेदक संस्थाको सम्बन्धन प्रक्रिया अघि नबढेको अवस्था देखिन्छ।

४०. यस्तो स्थिति समेतको पृष्ठभूमीमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ र राष्ट्रिय चिकित्सा नियमावली, २०७७ को कानूनी व्यवस्था निवेदक संस्थाको सम्बन्धनका रोहमा हेर्नपर्ने देखिन आयो। उक्त ऐन दफा १३ को उपदफा (६) मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन जारी भएपछि एक विश्वविद्यालयले पाँचभन्दा बढी शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन। तर यो ऐन जारी हुनुभन्दा अघि सम्बन्धन दिई सकेको र मनशायपत्र लिई मापदण्ड पुरा गरेका काठमाडौं उपत्यका बाहिरका शिक्षण संस्थाका हकमा यो प्रावधान लागू हुने छैन। काठमाडौं उपत्यका बाहिरका अन्य शिक्षण संस्थाका हकमा आयोगको निर्णय गरे बमोजिम हुनेछ। आयोगले निर्णय गर्दा यस ऐनका कुनै पनि कुराले वाधा पुग्ने छैन।" भन्ने व्यवस्थामा मूलतः देहायका अवस्थाहरु देखिन आउँछन्।

- राष्ट्रिय चिकित्सा ऐन, २०७५ जारी भएपछि एक विश्वविद्यालयको पाँचभन्दा बढी शिक्षक संस्थालाई सम्बन्धन दिन नपाइने,
- तर ऐन जारी हुनभन्दा अघि काठमाडौं उपत्यका बाहिरका सम्बन्धन दिईसकेका र मनशायपत्र लिई मापदण्ड पुरा गरेका शिक्षण संस्थाका हकमा उक्त ऐनको यो प्रावधान लागू नहुने,
- काठमाडौं उपत्यका बाहिरका अन्य शिक्षण संस्थाका हकमा आयोगले निर्णय गरे बमोजिम हुने।

४१. त्यस्तै प्रकारले राष्ट्रिय चिकित्सा नियमावली, २०७७ को नियम ७ मा आशयपत्रको नवीकरण सम्बन्धी व्यवस्था गरेको र नियम ७ को उपनियम (३) मा "यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धनका लागि सिफारिस भएका तर आशयपत्रको नवीकरण गराएका शिक्षण संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र यस नियमावली बमोजिम आशयपत्र नवीकरण गराउनु पर्नेछ।" भन्ने र नियम ७ को उपनियम (४) मा "यस नियम बमोजिम नवीकरण नगरेको आशयपत्र स्वत: रद्ध हुनेछ।" भन्ने व्याख्या रहेको देखिन्छ।

४२. **त्यस्तै चौथो सवाल अर्थात निवेदक संस्थाको निवेदन माग उपरोक्त कानूनी व्यवस्था, कानूनको व्याख्याको सिद्धान्त एवं न्यायिक व्याख्या एवं मान्यता समेतको रोहबाट** प्रस्तुत रिट निवेदनको विवेचना हुनुपर्ने देखिन आयो। निवेदकको वि.एण्ड.सी. मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. लाई तत्कालीन प्रचलित कानूनहरु नेपाल मेडिकल ऐन, २०२० तथा नेपाल मेडिकल नियमावली, २०२४ काठमाडौं विश्वविद्यालय

ऐन, २०४८, प्राविधिक महाविद्यालय (कलेज तथा क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति, २०६३ एवं स्वास्थ्य संस्था स्थापना सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७३ का कानूनी व्यवस्था एवं मापदण्डका आधारमा मेडिकल हस्पिटल तथा टिचिङ्ग सेन्टरका लागि मापदण्डहरु तोकी सम्बन्धनको प्रक्रिया प्रारम्भ भएको र उक्त प्रचलित कानून बमोजिम मापदण्ड पुरा भएको भनी सम्बन्धन प्रदान गर्ने नेपाल सरकारका शिक्षा मन्त्रालय समेतका नेपाल सरकार निकायबाट भएको देखिन्छ। साथै काठमाडौं विश्वविद्यालयको ८९ औं बैठकको निर्णयले वि.एण्ड.सी. मेडिकल कलेज एण्ड रिसर्च सेन्टरको सम्बन्धन प्रक्रिया अघि बढाउने निर्णय भई काठमाडौं विश्वविद्यालयको मिति २०७८।०१।०७ को उक्त संस्थालाई प्रेषित पत्रानुसार काठमाडौं विश्वविद्यालय सम्बन्धन तथा विस्तारित कार्यक्रम सम्बन्धी नियम, २०७१ को नियम ३.३ ले निर्दिष्ट गरेको प्रक्रिया अन्तर्गत सो संस्थाको प्रारम्भिक अध्ययनको लागि अध्ययन टोली खटाएको र सो बमोजिम २०७८ साल वैशाख २२-२६ गते सम्म खटाइएको बिज्ञ टोलीले गरेको प्रारम्भिक निरीक्षण प्रतिवेदन बमोजिम उक्त संस्थालाई राष्ट्रिय चिकित्सा, शिक्षा ऐन, २०७५ को दफा १३(६) बमोजिम कार्यकारी परिपदको मिति २०७८ वैशाख ३१ गते सम्पन्न ६२५ औं बैठकले सम्बन्धनको सहमतिको लागि स्वीकृति प्रदान गरेको जानकारी गराई निरीक्षण टोलीले औंल्याएको मापदण्ड अनुसार जनशक्ति (फ्याकल्टी) को व्यवस्थापनका साथै तोकिए बमोजिमका आवश्यक कार्य पुरा गर्न काठमाडौं विश्वविद्यालयको मिति २०७८ जेष्ठ ३ गतेको पत्रानुसार जानकारी समेत गराएको र मिति २०७८ जेष्ठ २ गतेको पत्रले चिकित्सा शिक्षा आयोगलाई सम्बन्धन प्रक्रिया अघि बढाउन लेखी पठाएको पनि देखिन आउँछ। यसरी नेपाल सरकारले मेडिकल कलेज संचालानार्थ आशयपत्र (Letter of Intent ) दिई पटक पटकका निर्णय समेतका आधार कारणबाट निवेदक संस्थाले Syndicate Loan Agreement गरी विभिन्न बैंकहरुबाट ठूलो मात्रामा ऋृण रकम समेत लिई भवन निर्माण समेतका भौतिक संरचना निर्माण गरेको, बैंकले ऋृण रकम असुलमा कारबाही समेत चलाएको, निवेदकको शिक्षण अस्पताल समेत नियमित रुपमा सञ्चलानमा आएकोमा काठमाडौं विश्वविद्यालयको लिखित जवाफबाट नेपाल सरकार र चिकित्सा क्षेत्रका अभियन्ता बीच भएको सहमतिको कार्य कारणबाट मात्र निवेदक संस्थाको सम्बन्धन प्रक्रिया रोकिएको देखिन्छ। राष्ट्रिय चिकित्सा ऐन, २०७५ को दफा १३ को उपदफा (६) मा भएको व्यवस्था हेर्दा पनि काठमाडौं उपत्यका बाहिरका शिक्षण संस्थाका हकमा एउटा विश्वविद्यालयले पाँचवटा भन्दा बढी शिक्षण संस्थालाई सम्बन्धन दिने छैन भनी गरेको व्यवस्था सोही दफामा उल्लेख भएको यो ऐन जारी हुनुभन्दा अघि सम्बन्धन लिई सकेका र मनशायपत्र लिई मापदण्ड पुरा गरेका शिक्षण संस्थाका हकमा यो व्यवस्था लागू नहुने व्यवस्थाले निवेदक जस्ता

मनशायपत्र लिई मापदण्ड पुरा गरेका शिक्षण संस्थाका हकमा आकर्षित हुन सक्ने देखिंदैन।

४३. त्यस्तै प्रकारले चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ७ को उपनियम (३) बमोजिम सम्बन्धनका लागि सिफारिस भएका तर आशयपत्रको नवीकरण नगराएका संस्थाले नियमावाली प्रारम्भ भएको मितिले ३(तीन) महिनाभित्र आशयपत्र नवीकरण गराउनु पर्ने छ भन्ने व्यवस्थाका सम्बन्धमा निवेदकको संस्थाले मापदण्ड पुरा गरेका आधार कारण सहित पटक पटक सम्बन्धन प्राप्त गर्न निरन्तर प्रक्रिया चलाएको, पटक पटक मनशायपत्रको म्याद थप एवं नवीरकण गराएको, समान प्रकृतिको संस्थाको पटक पटक मनशायपत्रको नवीकरण गराउनु नपर्ने नेपाल सरकारको निर्णय आफ्नो संस्थाको हकमा समेत समानताका आधारमा आकर्षित हुने एवं नेपाल सरकार र चिकित्सा क्षेत्रको सुधारका अभियन्ताको बीचको सहमति कै कारण निवेदक संस्थाले सम्बन्धन प्राप्त नगरेको र आशयपत्र नवीकरण नभएको जिकिर उक्त नियमावली समेतका सम्बन्धमा रहेको पाइन्छ। साथै निवेदकले आफ्नो शिक्षण संस्थाले प्रचलित कानून बमोजिम शिक्षण संस्था सञ्चालनका लागि आशयपत्र प्राप्त गरेको, मापदण्ड पुरा गरेको तर पनि सरकारको अनिर्णयको कारणले सम्बन्धन प्राप्त गर्न नसकेको र मिति २०७३।०८।२६ र मिति २०७४।०२।२९ को मन्त्रिपरिषद्को काठमाडौं उपत्यका बाहिर नियमानुसार सम्बन्धन सम्बन्धी प्रक्रिया अघि बढाउन वाधा नपर्ने निर्णय अर्को व्यवस्था नभएसम्म कार्यान्वयन नगर्ने भन्ने निर्णय उपर समेत चुनौती दिई प्रस्तुत रिट परेको देखिन्छ। रिट निवेदकले सम्बन्धन प्राप्त गर्न मिति २०७६।०८।१५ र मिति २०७६।११।२६ मा सम्बन्धित संस्थामा निवेदन गरेको अवस्थालाई उजागर गरेको देखिन्छ। सो रिट निवेदनका सम्बन्धमा चिकित्सा शिक्षा आयोगका तर्फबाट परेको लिखित जवाफमा "चिकित्सा शिक्षा नियमावली, २०७६ निर्माणको प्रक्रियामा रहेको हुँदा निवेदक संस्थाको निवेदनमा थप कारबाही गर्न नियमावली स्वीकृति हुनुपर्ने भएको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ" भन्ने जवाफबाट पनि निवेदकको पटक पटकका निवेदन उपर कारबाही नगरी अनिर्णित अवस्थामा राखेको तथ्य स्थापित हुन आउँछ।

४४. रिट निवेदकले उक्त नियमावलीको नियम ७ को उपनियम (१), (३) र (४) आफ्नो संस्थाको हकमा आकर्षित नहुने भनी लगाउमा रहेको ०७७-WO-०३२४ रिट समेत दायर गरेको र अन्तरिम आदेश जारी गरी पाउन माग गरेकोमा "प्रस्तुत विवादमा निवेदकले आफ्नो कलेजमा एम.वि.वि.एस. कार्यक्रम सञ्चालन गर्नका लागि वि.सं. २०६८ देखि प्रयास गरी शिक्षा मन्त्रालयको मिति २०६८।१०।२३ को निर्णयानुसार मनशायपत्र समेत प्राप्त गरेको देखिन्छ। सम्बन्धन प्राप्त गर्ने क्रममा नेपाल मेडिकल काउन्सिलको मिति २०७३।०८।१७ को राय परामर्श बमोजिम शिक्षा मन्त्रालयले

काठमाडौं विश्वविद्यालयलाई मिति २०७३।११।१५ मा सम्बन्धनको लागि पत्र पठाएपनि हालसम्म सम्बन्धन प्राप्त भएको देखिंदैन। निवेदकले हाल आएको राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ र ऐ. को नियमावली, २०७७ आउनु अघि नै मनशायपत्र प्राप्त गरी सकेकोले आशयपत्र नवीकरण गराउनु पर्ने ऐ. नियमावलीको नियम ७ को उपनियम (१), (३) र (४) को व्यवस्था लागू नगरी पाउँ भनी लिएको दावी ऐ. ऐनको दफा १३ को व्यवस्थासँग सम्बन्धित भई निवेदकले कलेज स्थापनार्थ गरेको हालसम्मको लगानी, पूर्वाधार विकास, प्रयास र शिक्षा मन्त्रालयबाट निवेदकलाई दिएको मनशायपत्र (Letter of Intent) समेतको उद्देश्यमा असर पर्न जाने देखिंदा सुविधाको सन्तुलनको दृष्टिकोणले मिति २०७७।०८।०७ गतेसम्म ऐन नियमावलीको आशयपत्रको नवीकरण सम्बन्धी नियमको उपनियम (१), (३) र (४) निवेदकको हकमा लागू नगरी कार्यान्वयन नगर्नु नगराउनु" भनी अल्पकालीन अन्तरिम आदेश समेत भएको अवस्था देखिन्छ। सो अल्पकालीन अन्तरिम आदेश यथावत रही सर्वोच्च अदालत नियमावली, २०७३ को नियम ४९ बमोजिम अन्तरिम आदेशको रुपमा क्रियाशिल भएको देखिन्छ।

४५. एवं प्रकारले न्यायका मूल्य, मान्यता एवं अवधारणको सवालका सम्बन्धमा विवेचना गर्दा, मूलतः वैधानिक अपेक्षाको सिद्धान्त (Doctrine of Legitimate Expectation) प्रस्तुत सन्दर्भमा आकर्षित हुन आउने देखिन्छ। सार्वजनिक निकाय/अधिकारीबाट हुने काम कारबाही उत्तरदायीपूर्ण एवं विश्वासप्रद होस्। निजहरुका वचन आश्वासन प्रति सामान्य जनताको विश्वास निहित हुने भएकोले जनविश्वास सदा कायम रहोस् भन्ने मान्यतामा खलल आउने अवस्था आएमा सो कार्यलाई रोक्न समेत वैधानिक अपेक्षाको सिद्धान्तलाई न्यायिक मूल्य र मान्यताको अक्षुण अवयवको रुपमा लिइने गरिन्छ। राज्यले प्रदान गर्ने वाचा आश्वासनलाई State promissory भन्ने गरिन्छ promissory शब्दले If promise: No sorry भन्ने मान्यता रही आएको पाइन्छ। प्रस्तुत रिट निवेकको तथ्यहरु बाट एउटा स्वास्थ्य सेवामा कार्यरत हुन चाहने संस्थाले प्रचलित ऐन कानून बमोजिम २०६८ देखि सरकार कै सूचना/आह्वानमा मेडिकल कलेज स्थापना प्रयत्न गरेको देखिन्छ। सो संस्थालाई नेपाल सरकारले २०६८ सालमा नै विभिन्न शर्त एवं मापदण्ड तोकी कार्य अघि बढाउन दिएको आश्वासनको परिणाम स्वरुप उक्त संस्थाले Syndicated Loan Agreement गरी ठूलो मात्रामा ऋण लिई भौतिक संरचना निर्माण, भौतिक सामग्रीको खरिद गरी लगानी गरेको देखिन्छ। निज संस्थाले मापदण्ड पुरा नगरेको वा शर्त उल्लंघन गरेको भन्ने कहिं कतै देखिंदैन। निज संस्थालाई सम्बन्धन प्रदान गर्ने सम्बन्धमा सरकारका निकायबाट पटक पटक आश्वस्त पारिएको देखिन्छ। त्यस्तो आश्वस्तता र विश्वास २०७८ साल सम्म पनि निरन्तर भएको देखिन्छ। तथापि चिकित्सा शिक्षा क्षेत्र सुधारका अभियन्तासँगको सहमतिका आधार कारण देखाई सम्बन्धन

दिने कार्य अवरुद्ध भएको एवं अधिकार र जवाफदेहीता बोकेका निकाय पछि बन्ने कानून देखाई सम्बन्धन दिन अनिर्णित र मौन रहेको देखिन्छ। निवेदक संस्थाले अदालतमा समेत पटक पटक निरन्तर न्याय माग गरेको समेतको अवस्था देखिन्छ। निज निवेदक संस्थाको अपेक्षा गैरकानूनी वा कानूनले निषिद्ध गरेको विषयक रहेको देखिंदैन। शिक्षण संस्था सञ्चालन गर्न पाउने कार्य सार्वजनिक हित सरोकार विरुद्ध नभई नेपाल सरकारकै अनुमति र आश्वासनमा भएको देखिन्छ। तर पनि रिट निवेदकको संस्था १० औं वर्ष देखि सम्बन्धनको निरन्तर यात्रामा ठूलो धनराशी लगानीसमेत गरी अथक रहेको देखिन्छ। अत प्रचलित कानून बमोजिम पेशा व्यवसाय गर्न पाउने मौलिक हक अभिनिश्चित भएको निवेदक संस्थाले नेपाल सरकारको हर शर्त मापदण्ड एवं कानूनी व्यवस्था तथा यस सर्वोच्च अदालतमा गरेका निरन्तर न्याय मागका रोह समेतका सन्दर्भबाट निवेदकको संस्थाले माग बमोजिम सम्बन्धन प्राप्त गर्न सक्ने वैधानिक अपेक्षा प्रत्याभूत हुने देखिन्छ।

४६. वैधानिक अपेक्षा सिद्धान्तका सम्बन्धमा यस अदालतले चुडामणी पराजुली समेत वि. सामान्य प्रशासन मन्त्रालय (ने.का.प. २०६२ अंक ७ नि.नं.७५६७); सूर्य बहादुर के.सी. वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प. २०७३ अंक ६ नि.नं.९६१५); सुदर्शन लाल श्रेष्ठ वि. आन्तरिक राजश्व कार्यालय चितवन समेत (ने.का.प. २०६५ अंक ३ नि.नं.७९४३); कुमार पाण्डे वि. नेपाल सरकार (ने.का.प. २०७४ अंक १ नि.नं.९७५३); समेतका मुद्दाहरुमा विवेचना गरी सरकारी अधिकारी वा निकायले कानून बमोजिम कसै प्रति प्रदान गरेको वाचा, आश्वासन वा विश्वासलाई जिम्मेवारी एवं जवाफदेहीताका साथ सम्पन्न गर्नुपर्ने र गर्दछन् भन्ने अपेक्षा गरिने र त्यस्तो वैध अपेक्षाले कानूनी मान्यता (Legal Legitimacy) समेत राख्ने अवधारणा अवलम्बन गरेको पाइन्छ। यस्तै मेडिकल संस्थाको सवाल निहित रहेको का. जैनुद्दित अन्सारी वि. त्रिभुवन विश्वविद्यालय समेत भएको परमादेश मुद्दामा (रिट नं. ०७०-WO-०९७६ सर्वोच्च अदालत बुलेटिन २०७४ मंसिर-२ पृष्ठ.४, पृणाङ्क ५३८) "त्रिभुवन विश्वविद्यालयमा उपकुलपतिको कार्यालयद्वारा मिति २०७०।०६।१० गते प्रकाशित भएको सूचनामा उल्लेख भए अनुसार १५ वटा शर्तहरु पालना गर्ने मन्जूर गरी Expression of Interest पेस गरेको, सम्बन्धन लिनका लागि आवश्यक शुल्कहरु बैंकमा जम्मा गरेको भौचर पेस गरेको, सात सदस्य रहेको विशेषज्ञ टोलीद्वारा कलेजको विस्तृत सम्भावना अध्ययन गरी प्रतिवेदन पेस गरेको देखिन आएको र विपक्षी जिम्मेवार निकायहरुको विश्वासमा परी निवेदकले मेडिकल कलेजका लागि लगानी गरी प्रक्रिया सम्पन्न गरी सकेको स्थितिमा पनि यथा समयमै निर्णय नगरी राख्नु वैध अपेक्षा (Legitimate Expectation) को विपरीत हुने हुनाले शैक्षिक शत्र सुरु हुनुभन्दा अगावै

सम्बन्धन दिने विषयमा कानून बमोजिम निर्णय गर्नू" भनी आदेश जारी भएको देखिन्छ। प्रस्तुत रिट निवेदनमा प्रतिपादित उक्त सिद्धान्त रिट निवेदकको हकमा पनि सारतः रुपमा आकर्षित हुन आउने देखिन्छ।

४७. निवेदक संस्थाको निवेदन माग स्वयंममा गैरकानूनी वा कानून निषिद्ध वा सार्वजनिक शान्ति सुरक्षा हित प्रतिकूल हुने नभई मेडिकल शैक्षिक क्षेत्रमा लगानी गर्ने र सञ्चालन गर्ने सम्मको रहेको देखिन्छ। चिकित्सा शिक्षा सुधार अभियन्ताका तर्फबाट उपस्थित विद्वान अधिवक्ताले आफ्नो बहसका क्रममा निज रिट निवेदक संस्थालाई पूर्वाञ्चल विश्वविद्यालयले सम्बन्धन दिएमा सरोकारवालाको तर्फबाट कुनै विमति नरहेको भनी जिकिर समेत प्रस्तुत गर्नु भएको छ। निज विद्वान कानून व्यवसायी कै बहस जिकिर बमोजिम पनि पूर्वाञ्चल विश्वविद्यालयले निवेदकको संस्थालाई सम्बन्धन दिंदा कानून संगत हुने तर काठमाडौं विश्वविद्यालयबाट काठमाडौं उपत्यका बाहिर रहेको निवेदक संस्थालाई सम्बन्धन प्रदान गर्दा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ले नै बचाउ गरेको स्थितिमा कानून बर्खिलाप हुने भन्ने तर्क न्यायिक, विवेक सम्मत र कानून संगत समेत देखिन आउँदैन। चिकित्सा क्षेत्रको सुधार निरन्तर प्रक्रिया भएको र समयानुकूल ठोस् र परिणाममूखी सुधार एवं सुव्यवस्थापन, आधुनिकीकरण, व्यवसायिक एवं सेवामुलक बनाउनु पर्नेमा यस इजलास पूर्णतः सहमत रहेको छ। तथापी चिकित्सा क्षेत्र सुधारका बहानामा वर्षौं देखि प्रचलित कानून बमोजिम मनशायपत्र प्राप्त गरी तोकिएको मापदण्ड समेत पुरा गर्न ठूलो धनराशी लगानी गरी सम्बन्धनका लागि निरन्तर लागि परेका संस्थाहरुलाई पछि बन्ने ऐन नियमको कार्यकारण देखाई निर्णय नगरी पछि बनेका ऐन कानूनको आडमा निषेध गर्ने प्रयत्न गर्नु नेपालको संविधानले प्रत्याभूत गरेको पेशा ब्याबसाय तथा रोजगार सम्बन्धी मौलिक हकमा अनूचित दखलयूक्त भई प्रचलित कानूनको सर्वथा बर्खिलाप हुनुका साथै विवेक सम्मत र शोभायुक्त मान्न सकिन्न। निसन्देह चिकित्सा क्षेत्रको सुधार निषेधात्मक नभई सुधरात्मक उपचार अवलम्बन प्रक्रियाबाट सार्थक र संगतपूर्ण परिणाम अपेक्षा गर्न सकिन्छ।

४८. अतएवः उपरोक्त प्रकरण प्रकरणमा विवेचित आधार कारणबाट निवेदक वि.एण्ड.सी. मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. लाई निबेदन माग बमोजिमको सम्बन्धन नदिने गरी च.नं.४१९ मिति २०७६।१२।०३ मा चिकित्सा शिक्षा आयोगबाट निवेदक संस्थाका नाममा प्रेषित पत्र एवं सो सम्बन्धी निर्णय समेत कानून संगत नदेखिंदा उत्प्रेषणको आदेशले बदर हुने र नेपाल सरकारले तोकेको मिति २०६८।१०।२४ बमोजिमको मापदण्ड र शर्तहरु, नेपाल मेडिकल काउन्सिलले मिति २०७३ मंसिर १४-१५ मा स्थलगत निरीक्षण गरी कायम गरेको स्थलगत निरीक्षण प्रतिवेदन, निवेदकको Self Appraisal Report एवं काठमाडौं विश्वविद्यालय सम्बन्धन तथा विस्तारित कार्यक्रम

सम्बन्धी नियम, २०७१ को नियम ३३ ले निर्दिष्ट गरेको प्रक्रिया अन्तर्गत गठित निरीक्षण टोलीले औंल्याएका मापदण्ड अनुसारको जनशक्ति (फ्याकल्टी) को व्यवस्थापन साथै सो निरीक्षण टोलीले तोकेका कार्यहरु पुरा गर्न लगाई १५ (पन्ध्र) दिनभित्र यस बर्षको शैक्षिक शत्र सुरु हुनु अगावै एम.वि.वि.एस. विद्यार्थी भर्ना गर्न पाउने गरी सम्बन्धन दिनु दिलाउनु भनी प्रत्यर्थीहरु काठमाडौं विश्वविद्यालय धुलिखेल काभ्रे, चिकित्सा शिक्षा आयोग सानोठिमी भक्तपुर लगायतका प्रत्यर्थीहरुका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। आदेशको जानकारी प्रत्यर्थीहरुलाई गराउनु।

४९. निवेदनको दायरीको लगत कट्टा गरी आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु।

(डा. कुमार चुडाल)
न्यायाधीश

उक्त आदेशमा सहमत छु।

(शारङ्गा सुवेदी)
न्यायाधीश

इजलास अधिकृत : फुलमाया मेयाङ्गबो लिम्बु
कम्प्युटर अपरेटर : संदिप अवाल

इति सम्वत् २०८० साल चैत्र १२ गते रोज २ शुभम् ----------------------------।